म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २१० मंगलबार, २४ फागुन २०७८ षष्ठी ने. सं. ११४२ सिल्लागा 8 March, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ७२ दलले सबै जिल्लामा निर्वाचनमा भाग लिने

काठमाडौं/ निर्वाचन आयोगले निर्वाचन प्रयोजनका लागि दर्ता भएका दलहरूको कागजपत्र अध्ययन गरिरहेको बताइएको छ ।

वैशाख ३० मा हुने निर्वाचनका लागि ८० दलले दल दर्ताका लागि निवेदन दिएको आयोगले जानकारी दिएको छ । तीमध्ये ७२ वटा दलले ७७ जिल्लामै निर्वाचनमा सहभागी हुने गरी दर्ताका लागि निवेदन दिएको आयोगले जानकारी दिएको छ ।

आयोगका सहायक प्रवक्ता तथा सूचना अधिकारी सूर्यप्रसाद अर्यालले कागजपत्र नपुगेका दल भए निर्वाचनमा भाग लिन योग्य नहुने बताए ।

'८० दलमध्ये करिब ७२ दलले सबै जिल्लामा निर्वाचनमा भाग लिने गरी निवेदन दिनुभएको छ । त्यही आधारमा हाम्रो मतपत्र डिजाइन हुन्छ', सोमबार आयोजित पत्रकार सम्मेलनमा उनले भने ।

-साभार: बाह्रखरी

**सन्दर्भ ११२ औं महिला दिवस**

# घरभित्रै मिल्छन् अधिकांश घरेलु हिंसा

साझाकुरा संवाददाता

हेटौंडा, २३ फागुन/ आज मंगलबार ११२ औं अन्तर्राष्ट्रिय महिला दिवस । सामाजिक न्याय र लैंगिक समानता: दीगो विकासको सुनिश्चितता भन्ने नारासहित मनाइँदै छ ।

प्रत्येक वर्ष फरक-फरक नारासहित दिवस मनाउने गरिन्छ । तर, लैंगिक समानताको नारासहित महिला दिवस मनाइरहँदा महिलाहरुले सहने हिंसाको घटनामा भने कमी आएको छैन । महिलाको क्षेत्रमा भएका काम, अधिकार र महिलाको अवस्थामा ठूला होटलहरुमा बैठक र गोष्ठी सञ्चालन गरिरहँदा महिलाहरुले विभिन्न हिंसाबाट छुट्कारा पाउन सकेका छैनन् ।

अधिकांश महिलासम्बन्धी घरेलु हिंसाका उजुरी मिलापत्र भएर घरमा नै सीमित हुने गरेको पाइएको छ । घरेलु हिंसा सहन परेपछि महिलाहरु पीडा सहेर नै घरभित्रै मिलाउन बाध्य भएको तथ्याङ्कले देखाउँछन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्याङ्कअनुसार दर्ता भएका अधिकांश उजुरी मिलापत्रमा टुंगिने गरेको पाइएको हो । महिलामाथि हुने विभिन्न प्रकारका घरेलु हिंसाका घटनाहरु प्रहरीसम्म पुगेपनि अधिकांश घटनाहरु मिलापत्र भएर घरमा नै फर्किने गरेका छन् ।

चालु आर्थिक वर्ष २०७८/०७९ को हालसम्म दुईसय ४६ वटा उजुरी परेकोमा एकसय ५९ वटा उजुरी मिलापत्रमा टुंगिएको छ । जसमध्ये ३१ वटा मुद्दा अदालतसम्म पुगेका छन् भने बाँकी ५६ वटा मुद्दाको कार्यान्वयन प्रक्रिया अगाडि बढेको छ ।

मकवानपुर प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको जानकारी अनुसार चालु आवमा सबैभन्दा धेरै मानसिक यातानासम्बन्धी घरेलु हिंसाको उजुरी परेको छ । एक सय ९० वटा मानसिक यातना सम्बन्धी उजुरी परेकोमा एकसय २७ वटामा मिलापत्र भएको छ । जसमध्ये २३ वटा मुद्दा अदालतमा पुगेका छन् । खान, लगाउन नदिने, घर निकाला गर्ने, नागरिकता र विवाह दर्ता नबनाइदिने जस्ता मानसिक यातनाको ९० प्रतिशतभन्दा बढि उजुरी प्रहरीकोमा परेपछि अदालतसम्म पुग्दैन ।

शारीरिक कुटपिट सम्बन्धी ३७ वटा उजुरी दर्ता भएकोमा २१ वटामा मिलापत्र भएको केन्द्रकी प्रमुख चुडाकुमारी खड्काले जानकारी दिएकी छन् । उनका अनुसार शारीरिक कुटपिटसम्बन्धी २१ वटा उजुरीमा मिलापत्र हुँदा ६ वटा मुद्दामात्रै अदालती प्रक्रियामा पुगेको छ । १० वटा उजुरीमाथि भने आवश्यक काम भइरहेको खड्काले बताइन् ।

केन्द्रमा लालनपालन नगर्ने, वेवास्ता गर्ने, औषधी उपचार नगर्ने, घरमा बस्न नदिने र आयआर्जन हुने काम गर्न नदिने आर्थिकसम्बन्धी १९ वटा उजुरी परेपनि ११ वटामा मिलापत्र भएको पाइएको छ । यससम्बन्धी २ वटा मुद्दामात्रै अदालतमा पुगेको खड्काले जानकारी दिइन् । ६ वटा उजुरीको भने आवश्यक काम कारबाही अघि बढेको छ ।

प्रहरी कार्यालयमा आएका उजुरी बाहेक जिल्लास्थित दशवटै स्थानीय तहको न्यायीक समितिमा परेका घरेलु हिंसासम्बन्धी उजुरीसमेत मिलापत्र हुने गरेको देखिन्छ । घरेलु हिंसामा विवाद मिलापत्र गराउने र नमिलेको अवस्थामा मात्रै अदालत पठाउने गरेको न्यायीक समितिहरुले जनाएका छन् ।

पछिल्लो समयमा स्थानीय तहका न्यायीक समितिमा पनि अधिकांश मुद्दा घरेलु हिंसाका आउने गरेको उक्त समितिहरुले जनाएको छ । कुटपिट गरेको, महिला हिंसाका बारेमा खान लाउन नदिएकोलगायत उजुरी आउने र त्यस्ता उजुरीमा दुबै पक्षलाई कार्यालयमा बोलाएर छलफल गराएर मिलाउने गरिएको छ ।

महिला अधिकारकर्मी माइती नेपाल मकवानपुरकी संयोजक माया लामाले उजुरी दिने महिलाहरुकै कारण मिलापत्र हुने गरेको बताइन् । उनका अनुसार अधिकांश महिलाहरु घरेलु हिंसा सहेर बस्ने बाध्य छन् । महिलाहरु आफूमा आत्मनिर्भर नहुनु, घरपरिवार र समाजबाट सहयोग नहुनुलगायत विभिन्न कारणले घरेलु हिंसाका घटना मिलापत्रमा टुंगिने गरेको उनको भनाइ छ । वर्षौंसम्म हिंसा सहेका महिलाहरु सहनै नसक्ने अवस्थामा मात्रै प्रहरीसम्म पुग्ने गरेको उनको भनाइ छ ।

प्रहरीकोमा पुगेका महिलाहरु पनि आफूमाथि भएको हिंसालाई मुद्दाको रुपमा अगाडि बढाउन नचाहने गरेको लामाले बताइन् । 'महिलाहरु कमलो मनका हुन्छन् । जतिसुकै हिंसा भोग्नु परेको भएपनि भोलिपल्टै आएर उजुरी फिर्ता गर्दै आफ्नो श्रीमानलाई छुटाएर लैजानु हुन्छ', उनले भनिन् ।

लामलेघेलुहिंसाका पीडकलाई २४ घण्टाभन्दा बढि थुनेर राख्न नहुने कानुनी व्यवस्था हुनु र ३० दिनभित्र मिलापत्र गर्ने व्यवस्थाले पनि पीडकलाई प्रश्रय मिलेको जिकिर गरिन् ।

## सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

**सेवाहरू:**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

shutterstock.com · 780195388

**Himalayan Motors Pvt.Ltd.**


हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित

सुन्दर नगरी हेटौंडामा बिक्री

## शुभारम्भ

YADEA e-SCOOTERS






Offer
रू.१0,000।-
नगद छुट

**YADEA e-SCOOTER का विशेषताहरु:**

- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

**बर्षा ई-अटोमोबाइल्स**

हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)

प्रो. सबी भण्डारी ९८५५०६७४६०

## घडेरी बिक्रीमा

**जिल्ला : मकवानपुर**
**हेटौडा उपमहा नगरपालिका**
**वडा नं. १**




सम्पर्क नं.: ९८४५१०३६६३
९८११८९५४६२, ९८५५०७३६६९ हेटौडा-५

साझाकुरा

## हाम्रो कुरा

# मान्छे देख्दा भाग्ने सन्तोषीको मान्छे बनाउने अभियानमा सघाऔं

मकवानपुरको मनहरी गाउँपालिका वडा नं. ४ नयाँ गाउँस्थित वनकरिया बस्तीमा अहिले उदाहरणीय व्यक्तिको रुपमा परिचित छिन्, सन्तोषी वनकरिया । जङ्गलमा जन्मिएर ९ वर्षसम्म जङ्गलमै हुर्किएर त्यसपछि मात्र अक्षरारम्भ गरेकी सन्तोषी यतिखेर वनकरिया बस्तीका बालबालिकालाई शिक्षित बनाउने अभियानमा जुटेकी छिन् । उनले सोचेकी थिइनन् कि आफू यति शिक्षित भएर गाउँका भाइबहिनीहरुलाई पढाउन सक्छु । लोपोन्मुख वनकरिया जातिको एक सदस्य भएर जन्मिएकी सन्तोषीले आफूलाई यति सामाजिकरुपमा अगाडि बढाउन सक्छु कि सक्दिनँ सोच्न सक्ने अवस्थामा थिइनन् । तर, आज आफ्नो समुदायका व्यक्तिहरुलाई शैक्षिक तथा व्यावसायिकरुपमा अगाडि बढाउन पाएकोमा उनी खुशी छिन् ।

एकाताका जङ्गली जीवन बिताउने, पेटभरि खान नपाउने, शिक्षा नपाउने, पिउने पानीको पर्याप्त व्यवस्था नभएको, यातायातको व्यवस्था नभएको, शिक्षाको उपलब्धता नभएको, सरसफाईको उचित प्रबन्ध नभएकोलगायत धेरै समस्याबीच जङ्गलको बास भइरहेको अवस्थामा तत्कालीन जिल्ला विकास समितिले हाँडीखोलाको मुसेधाप भन्ने स्थानमा वनकरियाहरुको बासस्थान व्यवस्थापन गरेको थियो । त्यसलगत्तै जिविसलगायत अन्य गैरसरकारी संस्थाहरुले उनीहरुको गाँस, बास, कपास, शिक्षादीक्षा, स्वास्थ्योपचार, सरसफाईलगायत क्षेत्रमा सहयोग गरेको थियो । त्यससंगै तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईले खानासमेत खाएर एकरात वनकरिया बस्तीमा रातसमेत बिताएका थिए । त्यसबाट पनि वनकरिया बस्तीका बासिन्दामा छुट्टै उत्साह थपिएको थियो ।

यतिखेर सन्तोषीले जेटीए अध्ययन पूरा गरेकी छिन् । आफ्नो अध्ययन पूरा गरेर घर फर्किँदा गाउँमा सबै अशिक्षित देख्दा दुःखी उनले अब गाउँका सबै बालबालिकालाई पढाउने अभियान थालेकी छिन् । अहिले सन्तोषीसंग पढ्ने ३३ जना बालबालिका छन् । हिजो आफूलाई पढ्नुपर्छ भन्ने मानिस नहुँदा आज उनले पढ्नुपर्छ भनेर जम्मा गरेको ३३ जना हुँदा उनी खुशि छिन् । गाउँमा मान्छे आउँदा भाग्ने सन्तोषी आज सामान्य मान्छेसरह आम्दानी गर्न सक्ने र गाउँमा अन्य मान्छे आउँदा नडराउने मान्छे बनाउने अभियानमा लागेकी छिन् । हिजो जिविस र अन्य गैरसरकारी संस्थाहरुको लगानीमा सन्तोषी सक्षम भइन् अब सन्तोषीले चाहेजस्तो निडर र आर्थिकरुपमा सबल वनकरिया बालबालिका उत्पादन गर्न सबैको सहयोग आवश्यक छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक
साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ फागुन २५ गते बुधबार ९ मार्च २०२२ । फागुन शुक्ल सप्तमी । चिल्लाथ्व सप्तमी ११४२ । सूर्योदय ६:२० र सूर्यास्त ४:०८ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अध्ययनमा बाधा | **तुला** | : आफन्तजन भेट |
| **वृष** | : धन प्राप्ति | **वृश्चिक** | : भित्रजन भेट |
| **मिथुन** | : सुख प्राप्ति | **धनु** | : मिष्ठान्न भोजन |
| **कर्कट** | : प्रेममा सफलता | **मकर** | : धन नष्ट |
| **सिंह** | : शत्रुबाट मुक्त | **कुम्भ** | : यात्राको योग |
| **कन्या** | : शुभ कार्यको थालनी | **मीन** | : आलश्यता |

# चुनाव चिन्ह, थ्रेसहोल्ड र बहुदलीय लोकतन्त्र



वृषेशचन्द्र लाल

संघीय कानूनलाई आधार बनाएर निर्वाचन आयोगले विधिवत दर्ता भएका र फेरि पुनः निर्वाचन प्रयोजनको लागि पनि दर्ता गराइएका राजनीतिक दलहरुलाई स्थानीय तहको निर्वाचनमा चुनाव चिन्ह नदिने भएको छ । यसले तिनका उम्मेदवारहरुलाई स्वतन्त्र उम्मेदवारको रुपमा नै निर्वाचनमा भाग लिनुपर्ने कानूनी अवस्था भएको देखिएको छ । निर्वाचन आयोगले संघीय कानूनलाई मानेर हिँड्नु पर्ने बाध्यता भए पनि नेपालको संविधानको भावना, मर्म र त्यस विषयसँग सम्बन्धित निर्देशनको पालना गरिनुपर्ने अनिवार्यता पनि छ । त्रुटिपूर्ण संघीय कानूनको पालनाभन्दा संविधानको मूल मान्यताको प्राथमिकता महत्वपूर्ण हो ।

नेपालको संविधानले राजनीतिक दलहरुबाट जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्न गरिने कुनै पनि कार्यमा प्रतिबन्ध वा वहिष्करणको कार्य गर्न नहुने व्यवस्था गरेको छ । सीमित दलले मात्र निर्वाचन, देशको राजनीतिक प्रणाली वा राज्य व्यवस्थाको अभ्यासमा भाग लिन पाउने गरी गरिएको कुनै पनि व्यवस्था स्वतः अमान्य हुने धारा २७० को (२) को मर्म हो । विधिवत दर्ता भएको राजनीतिक दल आफ्नो पहिचानसहित निर्वाचनमा भाग नै लिन पाएन भने त्यसले पाएको वा पाउने जनसाधारणको समर्थन र सहयोगको आँकलन कसरी हुन्छ ?

जनताका सामु आफ्नो पृथक पहिचान र समूहगत रुपमा धारणा नै राख्न नपाएपछि कसरी यसरी गठित र दर्ता भएर आएका राजनीतिक दलहरू आफ्नो वास्तविक स्थितिको मूल्यांकन गर्न समर्थ हुनेछन् ? जनताको समर्थन र विरोधको समीक्षा गर्दै कसरी आगामी यात्राको रणनीति निर्माण गर्न सक्छन् ? स्थानीय तह निर्वाचन ऐन, २०७३ को २६ को (६) र (७) बाट गरिएको व्यवस्था नयाँ र साना दलहरुलाई जनताको बीचमा जाने पाउने अधिकारलाई खण्डित गर्दछ ।

राजनीतिक दलको स्वाभाविक विकासलाई अवरुद्ध गर्दछ । नयाँ दर्ता भएका वा साना दलहरू प्रदेश, प्रतिनिधिसभा र राष्ट्रिय सभाको निर्वाचनमा चुनाव चिन्ह लिएर जान सक्ने तर स्थानीय तहको निर्वाचनमा जान नसक्नेको कुनै न्यायपूर्ण तर्क देखिन्न । स्थानीय तहको निर्वाचन दलीय आधारमा भएपछि पछिल्लो प्रदेश र संसदको चुनावमा राष्ट्रिय दलको ट्याग पाउन सफल भएकाहरू दलीय आधारमा र अन्यले निर्दलीय उम्मेदवारको रुपमा जानुपर्ने जनताको प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणालीको ठाडो उल्लंघन हो । नयाँ र साना दलहरूलाई मात्र यस्तो चुनौती किन ?

ठूला दलहरु बढी सक्षम र सांगठनिक रुपमा मजबूत छन् भने यस चुनौतीबाट डराउनु पर्ने कारण के हुन् ? संविधान निर्माणको बेलादेखि स्थानीय तहको निर्वाचनलाई राजनीतिक जामा नलगाई स्थानीय विकास र सुशासनको मुद्दामा गैरदलीय निर्वाचनमा परिणत गर्न बलियो स्वर उठ्दै आएको हो । तर, ठूला मानिएका राजनीतिक दलहरूलाई यो मञ्जूर भएन । स्थानीय चुनावमा दलीय आधारलाई यस्ता दलहरुले संगठन मजबूत गर्ने, मतलाई बाँध्ने र आगामी चुनावका लागि साधनको जोहो गर्ने पद्धति माने । सबैलाई थाहा छ, स्थानीय तहको निर्वाचन गैरदलीय स्वरुपमा भयो भने अहिले ठूला हुन पुगेका राजनीतिक दलहरूको सम्भावनालाई कसैले रोक्न सक्दैन । यसै मानसिकताले थ्रेसहोल्डको अलोकतान्त्रिक हतियार प्रयोग गरियो । यस पछाडि एकातिर जनताबाट प्राप्त समानुपातिक जनमतलाई छिन्ने खेल छ भने अर्कोतिर नयाँ राजनीतिक दलहरुलाई संगठित हुनबाट रोक्ने षड्यन्त्र छ ।

यस तथ्यले कुनै अदृश्य शक्ति वा स्वार्थ समूहले नेपालको विधि निर्माण प्रक्रियाको व्यवस्थापनमा राखेको प्रभावले राजनीतिक दलहरूको गठन, तिनको विकास तथा जनताबीचको सम्पर्कलाई नियन्त्रित गर्न खोजेको स्पष्ट हुन्छ । यो नेपालको संविधानको प्रस्तावनाको प्रमुख अंश 'जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणालीप्रति प्रतिवद्ध रही समृद्ध राष्ट्र निर्माण गर्नु'को उल्लंघन र प्रतिकूलको आचरण हो । निर्वाचन आयोगमा दर्ता नगराई पनि राजनीतिक दलहरू गठन गर्न सकिन्छ, त्यस्तो कुनै रोकटोक छैन । निर्वाचन आयोगमा दर्ता गराउन भनिएको निर्वाचन र राजकाजका अन्य प्रक्रियामा सहभागिता प्राप्त गर्नका लागि हो ।

विचारधाराको प्रचारप्रसार वा संगठन निर्माणको निमित्त दर्ता गराउनु पर्ने आवश्यकता छैन । जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली भन्दा दलहरुको गठन र तिनको प्रतिस्पर्धाको क्षमतामा टेवा दिनैपर्ने संविधानको प्रतिवद्धता हो । राजनीतिक दलहरूमा कुनै किसिमको छेकवारले यो कसरी सम्भव हुन्छ ? यसबाट राजनीतिक क्षेत्र र नेतृत्वमा, विधि व्यवस्थापनको प्रक्रियामा तथा संविधानले लक्ष्य राखेको राजनीतिक विकासको दिशामा बौद्धिकता कति सक्रिय छ भन्ने पनि देखिन्छ । राष्ट्रिय दल भनेको के हो ? देशलाई केन्द्रमा राखेर समष्टिगत हितको भावना राख्ने वा देशभरी छरिएर संगठित भएको दल अथवा अन्य केही भन्ने कुरा छलफलको विषय हुन सक्दछ । स्वच्छ क्षेत्रीयतामा विश्वास गर्ने दलहरू अराष्ट्रिय हुन् भन्ने सोच भने निश्चय नै बौद्धिक मान्न सकिन्न । नेपालको कानूनमा राष्ट्रिय दलको मान्यताको सम्बन्धमा 'प्रतिनिधि सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा तीन प्रतिशत र पहिलो हुने निर्वाचन प्रणालीतर्फ एक सिट प्राप्त गर्ने दलले मात्र राष्ट्रिय दलको रुपमा मान्यता प्राप्त गर्नेछ' भनिएको छ ।

पहिलो हुने निर्वाचन प्रणालीतर्फ एक सिट भनिंदा कम्तीमा भने शब्दको प्रयोग गरिएको छैन, बिर्सिएको छ जो व्यवस्थापन विधिमा लापरवाहीको एउटा ज्वलन्त प्रमाण हो । राष्ट्रिय दलको यसरी प्राप्त मान्यताले राजनीतिक दलले के सुविधा प्राप्त गर्ने हो किटान गरिएको छैन । संसदको दुबै सदनमा यस सन्दर्भमा छुट्टै व्यवस्था छ । विगतको चुनावमा राष्ट्रिय दलको मान्यता प्राप्त गरेर पनि राजपा र संसपाका संसदीय दलका नेता वा सचेतकहरूले अन्य दल सरह संसदीय कामकारवाहीको निमित्त कुनै सुविधा प्राप्त गर्ने योग्य थिएनन् ।

संघीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको परिभाषा अर्थात् २ को (घ) ले राष्ट्रिय पार्टीको मान्यता पाएर पनि तिनका संसदीय दलका पदाधिकारीहरूलाई चिन्दैन । त्यसका निमित्त फेरि कि त मन्त्रीपरिषदको गठनमा समर्थन गर्ने हुनु पर्यो वा सम्बन्धित सदनमा कुल सिटको दस प्रतिशत सिट प्राप्त गरेको हुनु पर्यो । यी राष्ट्रिय पार्टीहरूले मात्र पाउने गरी स्थानीय तहको निर्वाचनमा निर्वाचन चिन्हाधिकार भने दिइएको छ, जो निर्वाचन आयोगमा दर्ता भएर पनि अन्य दलहरुले पाउने छैनन् भन्ने व्यवस्था छ ।

स्थानीय तहको निर्वाचन कुनै पनि राजनीतिक दलको निमित्त जनताको घरदैलो र प्रत्येक व्यक्तिसँग प्रत्यक्ष सम्बन्ध राख्ने अभ्यास हो । राजनीतिक दलको धारणा, देशका विभिन्न मुद्दाहरू बारेको विश्लेषण सहितको दृष्टि र विकासको रणनीति राख्ने अवसर हो । संविधानको धारा २७० को (१) मा उल्लेखित दलको विचारधारा, दर्शन र कार्यक्रमप्रति समर्थन र सहयोग प्राप्त गर्ने कसरत हो । यदि यहीं रोक लगाइन्छ भने त्यसको उद्येश्य के हुन सक्छ, सजिलै बुझ्न सकिन्छ । नेपालमा राजनीतिक दलहरू विकसित नहोऊन्, प्रतिस्पर्धाको बाटो नरहोस् र राजनीतिक दलहरूमाथि स्वार्थी समूहहरुको अधिनमा रही रहोस् भन्ने मनसायले धूर्ततापूर्वक गरिएको विधि व्यवस्थापन हो । नेपालको विधि व्यवस्थापन कसरी स्वार्थी समूहको अधिनमा छ, त्यसको यो प्रत्यक्ष प्रमाण हो । स्थानीय तहको कुनै पनि मतदाता आफ्नो स्थानीय तहको निर्वाचनमा स्वतन्त्र उम्मेदवारको रुपमा भाग लिन पाउने व्यवस्था छँदैछ भने स्थानीय तहको निर्वाचनको निमित्त दर्ताको दरकार नै के भयो ? राजनीतिक दलको रुपमा दर्ता भई आफ्नो छुट्टै निर्वाचन चिन्ह पाइसकेपछि पहिले राष्ट्रिय दल हुन नसकेका वा राष्ट्रिय दलको स्थानबाट प्रदेश र संसदको निर्वाचनमा तल खस्केका अथवा नयाँ दर्ता भएका राजनीतिक दलहरूलाई स्थानीय तहको निर्वाचनमा भाग लिनबाट निषेध गर्नु हो ।

यो देशलाई अस्वाभाविक गति र तरीकाले पहिले दुई दलीय प्रणालीमा लगी एकदलीय प्रणालीको बाटो खोल्नु हो । यसरी एक पटक राष्ट्रिय दलबाट तल खस्केको कुनै दल त्यसपछि स्थानीय तहको निर्वाचनमा बेअस्तित्वको हुनेछ । परिणामतः संगठनको स्थिति निकै खस्केर जानेछ । फेरि उठ्न मुश्किल हुन्छ र दल नाम मात्रको रहेर जाने नियति बन्न सक्दछ । मानौं देशमा दुई दलीय स्थिति भयो । प्रदेश र संसदको चुनावमा कुनै लहर, धाँधली वा कुनै कारणवश एउटा दलले मात्र राष्ट्रिय दलको मान्यता प्राप्त गर्यो भने देश एक दलीय प्रणालीमा धकेलिन्छ ।

थ्रेसहोल्डको आवश्यकता विधायिकामा राष्ट्रिय दलको रुपमा प्रतिनिधित्व गर्ने प्रयोजनको निमित्त हुन्छ, बहुदलीय लोकतन्त्रको मान्यता र उद्देश्य निमिट्यान्न पार्नका निमित्त कदापि होइन । कुलीनतन्त्रको मानसिकताले कुनै हिसाबले भए पनि राजनीतिक दलहरूको संख्या घटाउने लक्ष्य तथा नीतिले बहुदलीय लोकतन्त्र अपेक्षित रुपमा अगाडि बढाउन सकिदैन । त्यसै पनि, थ्रेसहोल्ड लोकतान्त्रिक अभ्यासलाई सीमित गर्ने हतियार हो । भन्न त यसले साना दलहरुलाई समान सिद्धान्त मिल्नेसँग गठबन्धनीय राजनीतिको बाटोमा जान बाध्य गर्दछ भनेर भनिन्छ ।

तर, यसको खास प्रभाव तत्कालको निमित्त रहेका अथवा नयाँ खडा भएका साना दलहरुलाई समाप्त गर्ने नै हो । देशका केही स्वघोषित विज्ञहरू नेपाल अब द्विदलीय प्रणालीमा जानु पर्दछ भन्ने अभिव्यक्ति दिने गर्छन् । यद्यपि नेपालको लोकतान्त्रिक अभ्यास त्यति परिपक्व भइसकेको नसकेको भन्ने कुरासँग सरोकार राख्दैनन् । विश्लेषणको मूल आधार खास स्वार्थ समूहको हित हुन्छ र सो हितसँग सम्बन्धित कुरा विधि व्यवस्थापनमा घुसाइन्छ । स्थानीय तह निर्वाचन ऐन, २०७३ को २६ को (६) र (७) यस्तै घुसाइएको षड्यन्त्र हो । यो बहुदलीय लोकतन्त्रको मान्य सिद्धान्तको विपरित मात्र नभई संविधानको भावना र मर्मको प्रतिकूल पनि हो ।

निर्वाचन आयोगमा दर्ता भएका दलहरूलाई कुनै पनि दलीय आधारको निर्वाचन अभ्यासमा दलको आफ्नो चुनाव चिन्ह लिनबाट बञ्चित गर्नु पूर्णतः अनुचित हो । स्थानीय तहमै राजनीतिक दलले आफ्नो चुनाव चिन्ह जनताको बीचमा लग्न नपाउनु भनेको राजनीतिक दलको आधार खडा गर्ने प्रयासलाई जरोमा नै बलात् रोक्नु हो । अतः तत्काल यस्ता त्रुटिपूर्ण कानून तत्काल समाप्त हुने गरी कानूनी निकास प्रदान गरिनु अपरिहार्य भएको छ । -साभारः रातोपाटी

# देश विकासको अन्तिम विकल्प जलविद्युत हो



ज्ञानेन्द्रलाल प्रधान

एमसीसी संसद्बाट अनुमोदन भएपछि केही नयाँ परिवेश बनेको छ । तर यो पहिलोपटक संसद्बाट अनुमोदन भएकाले केही अवरोधहरु पनि देखिन सक्ने सम्भावना देखिएको छ । विगतका केही घटनाबारे पनि विचार गरौं । चितवनमा काली-सप्त-गण्डकी प्रोजेक्ट आउँदै थियो । नवलपरासीको सिंचाई र चितवनको सिचांईबाट २२५ मेगावट विद्युत निकाल्ने सित्तैमा बनाईदिने योजना थियो । जसले गर्दा बिजुली बढि भएर फर्टिलाइजर प्लान पनि आउने थियो । तर मेरो फुपु पर्ने नेपाली कंग्रेसको नेता मैयादेवी श्रेष्ठले विरोध गरेर योजना असफल बनाउनुभयो ।

चितवन बासीलाई अहिले गाली गर्ने गरेको छु, 'किन अहिले चितवनबासीहरु जग्गा प्लटिङ गरेर खानुपरेको छ । कृषिमै कमाएर आम्दानी गर्न पाउँथ्यो जग्गा पनि जोड्न सक्थ्यो । किन भारतको सुख्खा नहरको प्रोजेक्ट लिनुपरेको । जसले नहरमा पानी नै दिन सकेको छैन ।' यस्तो एउटा विकासको अवरोध देखेको छु । अर्को कोड्कु खोला खानेपानी आयोजनाको अध्ययन गरिएको थियो । जापानले सित्तैमा बनाई दिन्छु भनेको कोड्कु खोला खानेपानी योजना आएको भए यति राम्रो ताल बनेर पर्यटकीय क्षेत्र बन्ने थियो । पाटनलाई करिब करिब आठ नौ महिना दिन्थ्यो । अहिले मेलम्चीलाई कुरेर बस्नुपरेको छ । अर्को अरुण तेस्रो योजना हेरेको थियो । अरुण तेस्रो योजना बनिसकेको भए अहिले नेपालको आफ्नो स्टाइलमा भए भरको आफ्ना मान्छेलाई जागिर दिँदा पनि बत्तिको मूल्य ५२ पैसा पर्न आउथ्यो । आज बत्तीको मूल्य नै १०० रुपैयाँभन्दा धेरै छ । त्यो पनि भारतीय बिजुली किनेर चलाउनु परेको छ ।

### देश विकासको ट्र्याक

देशको विकास भनेको रेलको ट्र्याक जस्तै रहेछ । देशको विकास गर्न एउटा दीर्घकालीन ट्र्याकमा जानुपर्ने हुन्छ । ट्र्याक दश पन्ध्र वर्षमा बदल्न सकिन्छ । आज एउटा भोलि एउटा गरेर हुदैन । जुन देशले ट्र्याक बदँलेको छ, त्यस देशले प्रगति गरेको छ । चीन, मलेसियालाई हेर्ने हो भने धेरै पटक ट्र्याक बदलेको देखिन्छ । मलेसियामा विदेशीले जग्गा किन्न पाँउदैन थियो । जब डलरको संकट भयो, 'कन्स्ट्रक्सन इन्टस्ट्रीहरु सबै खत्तम भएर कन्जुम' नहुने भएपछि ट्र्याक परिवर्तन गरेर 'सेकेन्डहुड प्रोगाम' ल्यायो । डलरहरु संकलन गरेर यस प्रोगाममा फोरेन करेन्सी भित्रियो । घरहरु बन्न थालेपछि ५६ आइटमहरु मलेसियाकै सेट हुन थाले । त्यसकारण ट्र्याक परिवर्तन गर्नुपर्छ ।

हाम्रो कामहरु सम्पन्न नभएकाले यसमा हाम्रो व्यक्तिगत चासो राख्ने दायित्व सुरु भएको छ । अहिलेको अवस्थामा पाँच बर्ष सम्म टावर खडा हुन्छ, तर तार तानिदैन । यसलाई निरन्तर 'मनिटरिङ' गर्ने स्वयंम सेवकको टिम चाहिन्छ । एमसीसीको पहिलो चरणको कार्य सुरुवात भएको छैन । एमसीसीको पहिलो चरणको कार्य एमसीसीको सहमति अनुसार केही समयभित्र सुरुवात गर्न सकिन्छ । सायद छ, सात महिनामा पहिलो चरणको कार्य सुरुवात होला । एक बर्षमा कन्ट्र्याकहरु निस्केला र सवा वर्षभित्र कन्ट्र्याकहरु बन्लान् । कार्यान्वयनको पक्षमा आफ्नो मान्छेलाई मात्र काम दिने कुरा यँहा सबैभन्दा ठूलो समस्या छ । यसकारण कार्यन्वयनको पक्षमा सबैभन्दा ठूलो चुनौति कन्ट्र्याक्ट अवार्डमा छ ।

दोस्रो कुरा, हामीले कसरी आन्तरिक उत्पादनलाई वृद्धि गर्ने भन्ने विषयलाई मार्गनिर्देश गर्नुपर्छ । नेपालभरीको खानेपानीमा नेपालकै पाइप गुणस्तरीय योग्य हुन्छ, तर नेपाल विद्युत प्राधिकरणले गरेको टेन्डरमा नेपालमा उत्पादन गरेको पाइप गुणस्तरीय योग्य हुदैन । यसमा हामीलाई लाज लाग्नुपर्ने हो । हामीले आन्तरिक उत्पादनलाई गुणस्तरीय बनाउनु पर्छ । टावर, सिमेन्ट जस्ता धेरै उत्पादनहरु नेपालमै हुन्छ । अर्को चुनौति भनेको भूमी एकीकरण हो । यसमा धेरै परिवर्तन हुन्छ । अर्को भनेको सरंचनाको विषय हो । ३१२ किलोमीटरमा काम गर्नुपर्ने हुँदा प्रत्येक टावर एउटा प्रोजेक्ट जस्तै हो । यस प्रोजेक्टमा विदेशी कम्पनीहरु मात्र नभई नेपालीलाई पनि काम दिनुपर्छ । हाम्रो आन्तरिक उत्पादनलाई सँधै उच्च प्राथमिकतामा राख्नुपर्छ ।

### भारतको दाउ र जलविद्युत आयोजना

विगतमा हामीले यस्ता गल्तीहरु गर्दा धेरै पछि परेको छ । 'चुखा' एउटा २१ पैसामा बत्ती बेच्ने भनेर बनाएको गलत प्रोजेक्ट हो । अहिले महंगोमा बेच्छ । भारतले ठगेर बनाएको प्रोजेक्ट हो । त्यँहाबाट सिकेर साउथ एसियाको उच्च जीडीपीमा पुग्यो । हामीले अरुण १ लाई फाल्दा खेरी अलमल भएर खिम्ती र भोटेकोसीमा अड्केर बस्यो । त्यसकारण हाम्रो दायित्व सुरु भएको छ । तीन वर्षमा तीन हजार, पाँच वर्षमा पाँच हजार, दश वर्षमा पन् हजार पुर्‍याउने सरकारको लक्ष्य छ । अहिले मोटामोटी दुइ सय ८० अर्ब बैंकको पैँसा एक सय ३० अर्ब निजी क्षेत्रको पैँसा गरी लगभग पाँच सय अर्बको लगानी फिल्डमा पुगिसकेको छ । आउने दुई वर्षमा सात सय अर्ब पुग्छ । जति बन्दै गरेको ठूला योजनाहरु छ, यी सबैमा पिकिङ प्रोजेक्ट छ ।

तामाकोसी ४५६ मेघावाट छ । हिँउदमा पनि यसले तीन चार घण्टा निकाल्न सक्ने अवस्थामा छ । त्यही भएर बांलदेशले ७ दशमलव २ सेन्समा पीपीए गरेको हो । यो भनेको डबल प्राइज हो । बजार एकदम तयार भएर आएको छ । छ महिना अगाडि बांलादेशले ७५० मेगावाट तत्काल नेपालबाट किन्न सक्ने भनेर निर्णय गरेको छ । केही दिन अगाडि नेपाल भारत सचिवस्तरीय बैठकमा दुई देश मिलेर प्रोजेक्ट टुंगो लगाउने छलफल भएको थियो । पानीको कारणले पूर्वतिरको प्रोजेक्टमा बांलादेश र पश्चिम तिरको प्रोजेक्टमा भारतीयको चासो रहेको छ । उनीहरुको अब ग्रीन रिभुलेसन आउदैछ ।

पञ्चेश्वरमा सम्पूर्ण पानीको फाइदा भारतले लिएको छ । अहिले भारत झुकेर आएको छ । साँढे २२ प्रतिशत नेपालले निकालेको भारतले अतिरिक्त पानीको फाइदा निकालेको भारत २५ प्रतिशत 'सबसीसाइड' गर्न तयार छन् । त्यो भनेको, 'मैले लिएको पानीको सम्पूर्ण पैसा हाल्दिन्छु । बाँकी पैसा नमाग्नु, बाँकी आधा आधा' हो भनेर भारत भन्छ । यो भनेको विजुलीको दाम ठ्याक्कै पहिलेको र अहिलेको आधामा आउँछ । जसले ५ प्रतिशतबाट आएको बिजुलीको आम्दानीबाट ऋण चुक्ता गर्न सक्छौ । महाकाली सन्धिलाई यति धेरै बदनामी गरिदियो जसमा कसैले बाल्ने आँट गर्दैनन् । महाकाली सन्धी त्यति नराम्रो छैन, यसको सकारात्मक नकारात्मक दुबै पक्ष छन् । एमसीसीबाट साठी अर्ब नहुनु भनेको धानको विउ नहुनु जस्तै हो । यो रकम आएन भने पाँच सय अर्ब बैंकको 'डिफल्ट' सुरुवात हुन्छ । साथै नयाँ प्रोजक्टहरु सात हजार मेगावटमा भएका प्रजोक्टहरु केही पनि अगाडि बढ्न सक्दैनन् ।

### एमसीसी कार्यान्वयनको सार

नेपालमा विकास लागि विशेष परियोजना सुरुवात भएको छ । यसमा हामी सफल नहुनु भनेको जसरी हामीले अरुलाई नंग्याउने काम गरेको छौं, अब हामी पनि नांगिने छौ । हामीले भोलुन्टरी समूह बनाएर एमसीसी कार्यालयलाई सहयोग गर्नुपर्छ । भूटानको जीडीपीभन्दा हाम्रो जीडीपी सन् १९८० मा आठ गुणा नौ गुणा फरक थियो । अहिले हामी भन्दा साँढे तीन गुणा माथि गइसकेको छ । यसको मुख्य 'कन्जरभेसन इनर्जी'मा हो । आउने चार पाँच बर्षमा हाइड्रोजन कमर्सलाइज भयो भने पिकिङ पावर, ड्यामहरुको त्यति महत्व रहदैन । जलवायु परिवर्तनले अहिले अनुमानमा २३६ मिलीमिटर पानी बढिसकेको छ । यो पानीलाई नियन्त्रण नगरी सुख छैन । अब हाम्रो दिन आएको छ । यो प्रोजेक्टसँग आवद्ध चिजहरु लाई अगाडि बढाउनु पर्छ । ट्रान्समिसन लाइनमा ग्राण्ड चाहिन्छ । एयरपोर्ट प्रोजेक्टमा २ प्रतिशत ऋणले पनि धानेन । मेगावाटको प्रोजेक्ट बनाउदा पूरा क्षमता पुग्नलाई धेरै वर्ष लाग्छ ।

पञ्चायतकालमा १३२ केभी लाइन तान्ने क्रममा न्यूनतम ५ प्रतिशत लोडिङ थियो । २० गुणा बढ्नलाई धेरै समय लाग्न सक्छ । भाग्यवसः ३५०० मेगावाट प्रोजेक्ट कन्स्ट्रक्सनमा चार पाँच हजार मेगावाट प्रोजेक्टको लाइसेन्स लिइसकेको भएर यसलाई धेरै समय लाग्दैन । तर कमर्सियल हुन सक्दैन । यसमा मिडियाहरुको साथ चाहिन्छ । सबैले बुझ्दै गएको छ । युवाहरु सजग भएका छन् । खराव नेतृत्वका कारण युवाहरु ढुंगा हान्नमा प्रयोग भएका छन् ।

श्रीलंकाको साथीहरुसगँको कुरा अनुसार श्रीलंकाको वैदेशिक मुद्राको समस्या छ । तर आन्तरिक बजेटको भने समस्या छैन । श्रीलंकामा विलासिताको सामाग्री आयात गर्न पाइँदैन, तेलको लागी पैसा छैन । तर यी सबै अस्थायी समस्या हुन् । कोभिडको अवस्था साधारण भएपछि पर्यटन क्षेत्रबाटै आम्दानी हुन्छ । श्रीलंकन विज्ञहरुको विश्लेषणलाई नेपालको सन्दर्भमा जोड्दा यही तालले दुई वटा बजेटमा नेपालको अर्थतन्त्र सकिन्छ । नेपालको बजेट डलर आयातमा निर्भर छ । रेमिट्यान्सबाट आएको रकम पठाएर भारतबाट आएको सामानको भान्सार र भ्याटले नेपालको बजेट चलेको अवस्था छ ।

### विकासको मेरुदण्ड जलविद्युत परियोजना

नेपालको सम्पूर्ण सिस्टम नै गलत भइरहेको छ । ट्रक, डिजल, अलकत्रा, कामदारमा एक बिलिएन डलर रकम भारतमा गइरहेको छ । अर्को एउटा गलत प्रोजेक्ट पूर्व पश्चिम रेलमार्ग हो । यत्ती खतरानाक गलत चिज हामी गर्दै छौ । हामी राजमार्गलाई विस्तार गर्दैछौं । अहिलेको राजमार्गले १८ वर्षसम्म धान्छ । हाम्रो सबै गति उत्तर र दक्षिण भएकोले पूर्व-पश्चिम रेलमार्गको काम नै छैन । *-साभारः खबरहब*

# सेयर बजारको लोकप्रियता खोज्दा 'अर्थतन्त्र धरापमा' !

काठमाडौं/मुलुकको आर्थिक अवस्था दयनीय भएको भन्दै सरोकारवाला र विज्ञहरुले दैनिक चासो र चिन्ता व्यक्त गरिरहेका छन् । बढ्दो आयातका कारण बाह्य क्षेत्रमा बढ्दो चुनौती र तरलताको चरम अभाव हुँदा वित्तीय स्रोतको बढ्दो लागतका कारण कोभिडपछिको आर्थिक पुनरुत्थानको क्रममा रहेका उद्योगी व्यवसायी समस्यामा परेको बताइरहेका छन् ।

एकातिर रसिया र युक्रेन युद्धले गर्दा इन्धनको बढ्दो मूल्यका कारण उत्पादन लागत बढिरहेको छ भने अर्कोतर्फ तरलता अभावले गर्दा कर्जा नपाउने अवस्था त छँदै छ, बैंकिङ प्रणालीमा भएको लगानीयोग्य पुँजीको चरम अभावले गर्दा सानो सानो वित्तीय आवश्यकता समेत पूर्ति गर्न नसक्ने अवस्थामा वित्तीय क्षेत्र पुगेको छ ।

अर्कोतर्फ मुलुकसँग रहेको विदेशी मुद्रा सञ्चिती लगातार घट्दै जाँदा अर्थतन्त्र नै समस्यातर्फ केन्द्रित भएको छ । यस्तै वित्तीय स्रोतको लागत वृद्धिले गर्दा उद्योगी व्यवसायीले कसरी थेग्ने भन्ने चुनौती बढ्दै गएको छ । तर मुलुकको अर्थतन्त्रको बागडोर सम्हालेका अर्थमन्त्री जनार्दन शर्माले भने यस्तो समस्यालाई पनि गम्भीररुपमा नलिएको विज्ञहरुको टिप्पणी छ । अर्थमन्त्री शर्माले अर्थतन्त्रमा देखिएको समस्या समाधानको लागि अग्रसरता लिँदै मौद्रिक नीति तर्जुमा गर्ने नेपाल राष्ट्र बैंक, बैंकिङ क्षेत्र र निजी क्षेत्रलगायत सरोकारवालाई एक ठाउँमा राखेर समस्याको निकास दिने पहलसमेत गरेका छैनन् ।

उनले मन्त्रालयको बागडोर सम्हालेको करिब ८ महिना पुग्नै लागेको छ । तर, यसबीचमा अर्थतन्त्र यति चुनौतीपूर्ण अवस्थाबाट गुज्रिरहेको छ कि अर्थविद्हरुले आर्थिक मन्दीको चेतावनीसमेत दिइरहेका छन् । अर्थमन्त्रीमा चिन्तामात्रै नदेखिएको होइन कि अर्थतन्त्रसम्बन्धी भएका छलफलमा समेत उनी उपस्थित नहुने विज्ञको आरोप छ ।

'उहाँ गम्भीर छलफलमा सहभागी हुनुहुन्न,' एकजना अर्थविद भन्छन्, 'तर सहकारी संस्थाको वार्षिकोत्सवमा भने सहभागी भएको देख्छौँ ।' अर्थमन्त्रीको प्राथमिकतामा अर्थतन्त्रको एउटा सानो क्षेत्रमात्रै परेको ती विज्ञको टिप्पणी छ ।

गतसाता अर्थमन्त्री जनार्दन शर्माले अर्थसचिव र राजश्व सचिवलाई दायाँबायाँ राखेर नेपाल स्टक एक्स्चेञ्ज र नेपाल धितोपत्र बोर्डका नवनियुक्त प्रमुखलाई धम्कीपूर्ण निर्देशन दिए । पुँजीबजारको




वर्तमान अवस्था सम्बन्धी छलफल भनिए पनि बुँदागत रुपमा ११ उनले वटा निर्देशन दिए । अर्थमन्त्री शर्माको उक्त निर्देशनको समाचार प्रकाशित भए पनि सामाजिक सञ्जालमा उनको प्रशंसा पनि भइरहेको देखिन्छ ।

'तपाईंहरूलाई के सहजीकरण गर्नुपर्ने हुन्छ, मन्त्रालय सबै गर्न तयार छ । तर, त्यहाँका कर्मचारी राजनीति गर्ने अथवा राजनीतिक हिसाबले कतै जोडिएर दायाँ बायाँ गर्ने गरेकोले त्यसले पनि समस्या भएको बुझेको छु, त्यसको लागि नियम चाहिन्छ,' अर्थमन्त्री शर्माले धितोपत्र बोर्डको अध्यक्ष र नेप्से सीईओलाई भने, 'मैले हरेक पात्रको बारेमा बुझेको छु, मसँग सबै रिपोर्ट छ, मेरो खराबी भनेको सबै रिपोर्ट आउँछ, यो थाहा छैन भन्ने नमान्नुहोला ।'

धितोपत्र बोर्डको अध्यक्षको पदभर ग्रहण गरेको केहीदिनमै मन्त्रालयमा बोलाएर सार्वजनिक रुपमा यस प्रकारको निर्देशन दिनु आवश्यक नभएको अर्थकै अधिकारी बताउँछन् । अर्थमन्त्रीले धितोपत्र बजार र मुद्रा बजारका विषयमा चासो राख्नु स्वभाविक हो । तर, एउटा स्वायत्त नियमनकारी निकायका प्रमुखलाई बोलाएर उक्त निकायको सबै सूचना आफुले प्राप्त भइरहेको भन्दै निर्देशन दिनु सान्दर्भिक नहुने टिप्पणी विज्ञको छ ।

पूर्वअर्थसचिव रामेश्वर खनाल अर्थमन्त्रीले प्रणाली र त्यहाँका कर्मचारी तथा पदाधिकारीलाई विश्वास नगर्नु समस्या भएको बताउँछन् । 'पछिल्लो अवधिमा आर्थिक परिसूचकमा कमजोरी देखियो, उहाँको ठाउँमा अर्को अर्थमन्त्री भएको भए पनि समस्या हुन्थ्यो होला,' खनालले भने, 'अन्तर्राष्ट्रिय गतिविधि र हाम्रो पनि विगतमा मौद्रिक विस्तार गरेको कारणले समस्या जेसुकै भएको पनि आउन सक्थ्यो, त्यसलाई उहाँकै कारण अर्थतन्त्रमा समस्या आयो भन्न मिल्दैन ।' प्रणाली र त्यसमा रहेको मान्छेले अर्थमन्त्री जोसुकै भए पनि अर्थमन्त्री र मन्त्रालयलाई सफल बनाउँने काम गर्नुपर्ने खनाल बताउँछन् । सबै नियमनकारी निकाय र सार्वजनिक संस्थान मन्त्रीले इमान्दारीपूर्वक काम गर्न चाहेमा मन्त्रीलाई असहज हुने काम नगर्ने विगतदेखिकै अभ्यास भएको खनाल बताउँछन् ।

'उनीहरुले हामीले गरेको निर्णयले अर्थतन्त्र, निजी क्षेत्रको लगानी र आम नागरिकको जिवनीमा असर गर्छ भनेर जिम्मेवारीपूर्वक काम गर्छन्,' पूर्वअर्थसचिव खनाल भन्छन्, 'अहिलेको अर्थमन्त्रीको समस्या प्रणालीका मान्छे र प्रणालीलाई नै विश्वास नगर्नु हो, त्यो गर्नुभएको छैन । नियमनकारी निकायलाई मन्त्रीले निर्देशन दिन आवश्यक पर्दैन ।'

अर्थ मन्त्रालयले धितोपत्र बोर्डलाई विगतमा निर्देशन दिएको आफुलाई जानकारी नभएको खनाल बताउँछन् । अर्थमन्त्री शर्माले सबै सूचना मसँग छ भन्नु नै बाहिरको व्यक्तिलाई बढी विश्वास गरेको ठहर्ने खनालको टिप्पणी छ ।

पूर्वअर्थमन्त्री तथा प्रमुख प्रतिपक्षी नेकपा एमालेका उपाध्यक्ष सुरेन्द्र पाण्डे अर्थतन्त्रमा नयाँ नयाँ किसिमका चुनौती देखा पर्दै गएको तर त्यसमा सरकार गम्भीर बन्न नसकेको बताउँछन् । 'अहिलेको पेट्रोलियम पदार्थको मूल्यवृद्धिबाट उत्पन्न समस्याको सम्बोधन कसरी गर्ने, यसमा सहुलियत दिन सम्भव नहोला, यसले सर्वसाधारण मूल्यवृद्धिको विरोधमा सडकमा उत्रिने, अर्थतन्त्रको कारणले राजनीतिक समस्या सिर्जना गर्न सक्छ ।'

उनले भने, 'निक्षेपको ब्याजदर १२-१३ प्रतिशत पुगेको छ, बैंकले कर्जा लगानी कतिमा गर्ने, ब्याजदरमा बढेको पैसा व्यापारी व्यवसीले चलायो भने उसले त्यसबाट पनि नाफा गुर्नुपऱ्यो, कर्मचारी, बिजुलीलगायत अन्य खर्च जोड्दा २५ प्रतिशत भन्दा माथि रिटर्न नभइ नाफा नहुने भयो, त्यो व्यवसाय अब टिक्छ ?' एकातिर ब्याजदर वृद्धिले उत्पादन लागत बढ्ने र अर्कोतर्फ युक्रेन संकटका कारण पेट्रोलियम पदार्थको मूल्य वृद्धिले अर्को संकट आउने अवस्था रहेको उनले बताए ।

यता धितोपत्र बोर्डका पूर्वअध्यक्ष तथा पूर्व गभर्नर डा. चिरञ्जीवी नेपाल अर्थमन्त्रीले पुँजी बजारको विषयमा पनि ध्यान दिनैपर्ने तर समग्र अर्थतन्त्रलाई भन्दा पनि पूँजी बजारप्रति बढी ध्यान केन्द्रित गरेको देखिएको बताउँछन् ।

अर्थमन्त्रीले पूँजी बजारलाई मात्रै ध्यान दिएर बोल्नुको सट्टा समग्र अर्थतन्त्रलाई नै ध्यान दिनुपर्ने नेपालले बताए । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले अर्थमन्त्री शर्माले अर्थतन्त्र अवैध बाटोतिर हिँडाएको आरोप लगाएको छ । 'हाम्रो सरकार हुँदा कोभिडका कारण वैदेशिक रोजगारी ठप्प रहेको थियो, तर पनि रेमिट्यान्स बढेको थियो,' एमाले उपमहासचिव विष्णु रिमालले भने, 'अहिले रोजगारीको लागि विदेशी जानेको संख्या बढेको छ, तर पनि रेमिट्यान्स भने घटेको छ, यसले हुन्डी कारोबार बढेको देखाउँछ, जसलाई नियन्त्रण गर्ने भन्दा अर्थमन्त्रीले नै संरक्षण गरेको देखिन्छ ।'

कोभिडपछि सेयर बजार प्राथमिक तथा दोस्रो बजारका लगानीकर्ताको संख्या ह्वात्तै बढेको छ । सेयर बजारका लगानीकर्ता चिढिए असफल भइन्छ भन्ने भयले काम गरेको हुन सक्ने अर्का विज्ञ बताउँछन् । पूर्वअर्थमन्त्री डा. युवराज खतिपडाले सेयर बजारप्रति नकारात्मक टिप्पणी गरेकै कारण कार्यकालभर उनको आलोचना भयो । यसले पछिल्लो समय अर्थमन्त्रीलाई अर्थतन्त्रभन्दा सेयर बजार सकारात्मक हुनुपर्ने र त्यसमा नै सफलता हाँसिल हुन्छ भन्ने भ्रम बढ्दै गएको ती विज्ञको टिप्पणी छ । -साभार: बाह्रखरी

# हेटौंडामा नेपाली भाषा, साहित्यको बहस गर्दै सकियो बृहत साहित्य महोत्सव

साझाकुरा संवाददाता

हेटौंडा/वागमती प्रदेशको राजधानी हेटौंडामा भएको दुई दिने बृहत साहित्य महोत्सवको समापन भएको छ ।

मकवानपुरे महिला साहित्यकारको एकमात्र संस्था आँचल साहित्य कला पुञ्जले फागुन २० र २१ गते हेटौंडामा बृहत साहित्य महोत्सव आयोजना गरेको हो ।

हेटौंडा उपमहानगर पालिकाको आर्थिक सहयोगमा आँचलले मकवानपुरमा पहिलो पटक देशभरका साहित्यकारलाई जम्मा गरेर बृहत साहित्यक महोत्सवको आयोजना गरेको थियो । हेटौंडा उपमहानगर क्षेत्रका विभिन्न पर्यटकिय स्थलमा समेत आयोजना गरिएको महोत्सवमा साहित्यका विभिन्न पाटामा गहन बहस भएका थिए ।

महोत्सवको पहिलो दिन उद्घाटनसहित 'साहित्यमा राजनीति' विषयमाथि बहस भएको थियो । बहसमा साहित्यकार भूपाल राई र समिक्षक घनश्याम घिमिरे वक्ता रहेका थिए । उक्त बहसको सहजकर्ता पत्रकार तथा साहित्यकार ठाकुर बेलबासेले गरेका थिए । बहसमा साहित्य राजनीतिबाट टाढा हुन नसक्ने वक्ताहरुले बताएका थिए ।

महोत्सवको पहिलो दिनमै 'भाषिक दृश्टिले साहित्यमा नारी' विषयमा कार्यपत्र प्रस्तुत भएको थियो । महोत्सवमा साहित्यकार ज्ञानु अधिकारीले कार्यपत्र प्रस्तुत गरेकि थिइन् । कार्यपत्र माथि साहित्यकार प्रणेता र राम अविकासले टिप्पणी गरेका थिए । सोही दिन गजल तथा मुक्तक वाचन कार्यक्रम भएको थियो । उक्त कार्यक्रममा मकवानपुर सहित देशभरका ४० जना साहित्यकारले




गजल तथा मुक्तक वाचन गरेका थिए । यस्तै पहिलो दिनको साँझ साँगीतिक कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रम हेटौंडाको पिएम सेन्टर र सुस्केरा परिवारले आआफ्नो प्रस्तुती दिएका थिए । महोत्सवको दोस्रो दिन बिहान हेटौंडामा साइकल संरचनाको सम्भावना विषयमा अर्न्तक्रिया भएको थियो । उक्त कार्यक्रम आँचल र हिमालयन राईडर्स सोसाइटी मकवानपुरको आयोजनामा भएको थियो ।

यस्तै दोस्रो दिनको दोस्रो कार्यक्रम मकवानपुरको पर्यटकीय स्थल गुम्बा डाँडामा आयोजना गरिएको थियो । 'मकवानपुरको साहित्यिक महक' विषयको बहसमा साहित्यकार तारालाल श्रेष्ठ, विना थिङ र सञ्जय साह बहसकर्ता र सुवास खनाल सहजकर्ता रहेका थिए । उक्त कार्यक्रममा मकवानपुरको साहित्यको विगत र वर्तमानका विषयमा छलफल भएको थियो ।

यसैगरी दोस्रो दिनको तेस्रो तथा महोत्सवको अन्तिम बहस कार्यक्रम हेटौंडामा भएको थियो । 'समकालिन कविताको मार्ग चित्र' विषय माथि भएको बहसमा साहित्यकार भूषिता वशिष्ठ, नेत्र एटम र चन्द्र गुरुङ वक्ता रहेका थिए भने यसको सहजकर्ता साहित्यकार निमेष निखिलले गरेका थिए । बहसमा साहित्यको वर्तमान अवस्था र अबको साहित्य कस्तो हुनुपर्छ भन्ने विषयमा छलफल भएको थियो । बहसकर्ताहरुले जस्तो लेखेपनि साहित्य मान्दा समग्र साहित्य क्षेत्र नै कमजोर बन्दै गएको टिप्पणी गरेका थिए । यसैगरी महोत्सवको अन्तिम कार्यक्रम कविता वाचनको रहेको थियो । उक्त कार्यक्रममा मकवानपुरकासहित ६० जना कविले कविता वाचन गरेका थिए ।

महोत्सवमा मकवानपुरबाट प्रकाशित पुस्तकहरुको प्रर्दशनी, चित्रकार तथा साहित्यकार ऋषि केबी र ऋतिक केबीले बनाएको चिकला प्रर्दशनी गरिएको थियो । यस्तै महोत्सवमा मकवानपुरका महिलाहरुले उत्पादन गरेको हस्तकलाका सामाग्रीहरु पनि प्रर्दशनीमा राखिएको थियो ।

आँचलकी अध्यक्ष अनिता न्यौपानले सबैको सहयोगमा बृहत साहित्य महोत्सव भव्यताका साथ सम्पन्न भएको बताईन् । हेटौंडा उपमहानगरपालिकासहित मकवानपुरका सामाजिक तथा साहित्यक संघसंस्थाको सहयोगले महोत्सवलाई सहज रुपमा आयोजना गर्न मद्दत पुगेको उनले बताईन् । महोत्सवले मकवानपुरको भाषा, साहित्य, कला, संस्कृति, प्रकृति, पर्यटन, इतिहास, सम्पदा, दर्शन, उद्योग व्यापार र समग्र सामाजिक विकासमा टेवा पुग्नेको अध्यक्ष न्यौपानले उल्लेख गरिन् । महोत्सवले समग्र साहित्य, कला, संस्कृति, पर्यटन क्षेत्रको विकासमा महत्वपूर्ण योगदान दिएको उनले बताइन् ।

साहित्य र समाजसँग जोडिएका विषयवस्तु माथि बहस, अर्न्तक्रियासहित नेपाली भाषा साहित्यको उत्थान र विकासका लागि महोत्सवको आयोजना गरिएको र त्यो उपलब्धि महोत्सवले दिएको अध्यक्ष न्यौपानेको दाबी छ । कार्यक्रमको उद्घाटन सत्र आँचलकी अध्यक्ष अनिता न्यौपानेको सभाध्यक्ष तथा वागमती प्रदेशका सांसद प्रेमबहादुर पुलामी र हेटौंडा उपमहानगरपालिकाका उपमेयर मिना लामाको प्रमुख आतिथ्यतामा भएको थियो ।

कार्यक्रममा सर्जक सञ्जालका अध्यक्ष निमेष निखिल, अग्रज साहित्यकार तुल्सी थापा, हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ का अध्यक्ष नविन सिग्देलको आतिथ्यता रहेको थियो । कार्यक्रममा मकवानपुरका साहित्यक संघसंस्था, जनप्रतिनिधि, राजनीतिक दल, सामाजिक संघसंस्थाको सहभागिता रहेको थियो । समापन कार्यक्रमको समापन आँचलकी अध्यक्ष न्यौपानेको सभाध्यक्षता तथा गायिका सुशिल पाण्डे मान्नधरको प्रमुख आतिथ्यतामा भएको थियो ।

# चरित्र हत्या गरेको आरोपमा युट्युबर थापा पक्राउ

काठमाडौं/ नेपाल प्रहरीको साइबर ब्युरोले सेलेब नेपालका सञ्चालकलाई पक्राउ गरेको छ ।

गुल्मी घर भई बुटवल महानगरपालिका-१३ बस्ने २१ वर्षीय राहुल थापालाई पक्राउ गरेको ब्युरो प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) नविन्द अर्यालले जानकारी दिए ।

उनलाई प्रहरीले आइतबार पक्राउ गरेको हो । थापाले सेलेब नेपाल नामको युट्युब च्यानल सञ्चालन गरेर त्यसमार्फत् पीडितको मानमर्दन र चरित्र हत्या गरेको आरोप छ । ब्युरोले उनीमाथि विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसूरमा अनुसन्धान अघि बढाएको बताएको छ ।

# महिला लिग : अर्थोप्लास्ट र ललितपुरबीच सम्झौता


काठमाडौं- राष्ट्रिय महिला लिगका लागि ललितपुर महानगरपालिका महिला फुटबल टिम र अर्थोप्लास्ट रिह्याबिलिटेसन सेन्टरबीच सम्झौता भएको छ ।

ललितपुर उपमेयर कप राष्ट्रिय महिला लिग छनोटमा उपविजेता बन्दै राष्ट्रिय लिगका लागि छनोट भएको थियो । लिग अवधि र त्यसअघि तयारीका क्रममा अर्थोप्लास्टले ललितपुरको टोलीलाई फिजियो सेवा प्रदान गर्नेछ । सोमबार सम्झौता पत्रमा ललितपुर फुटबल टिमकी सचिव सरला श्रेष्ठ र अर्थोप्लाष्टका तर्फबाट मेडिकल निर्देशक सुरज भुसालले हस्ताक्षर गरे । अखिल




नेपाल फुटबल संघले आइतबार सार्वजनिक गरेको तालिका अनुसार पहिलो खेलमै एपिएफ र आर्मी भिड्ने तय भएको हो । राष्ट्रिय महिला लिग १० चैतबाट सुरु हुँदैछ । यसपटक लिग मोफसल भरतपुर चितवन र मोरङको विराटनगरमा हुनेछ । लिगमा तीन विभागसँगै चन्द्रपुर नगरपालिका, विराटनरगर महानगर पालिका, वालिङ नगरपालिका, धनगढी उपमहानगरपालिका र ललितपुर महा-नगरपालिकाको सहभागिता रहेको छ । पहिलो चरण भरतपुरमा र दोस्रो चरण विराटनगरमा हुने यसअघि नै एन्फाले जनाएको छ । यसका लागि एन्फाले भरतपुर महानगर पालिका र विराटनगर महानगरपालिकासँग सम्झौता गरिसकेको छ । लिग १० चैतबाट सुरु भएर ३० चैतमा सकिनेछ । हाललाई एन्फाले पहिलो चरणको मात्र खेल तालिका सार्वजनिक गरेको छ । *-साभार: हाम्रो खेलकुद*

# अमिताभ बच्चनको शिरमा ढाकाटोपी



काठमाडौं/बलिउड अभिनेता अमिताभ बच्चनले आफ्नो शिर (टाउको) मा नेपाली ढाकाटोपी ढल्काएका छन् । सोमवार आफ्नो इन्स्टाग्राममा उनले ढाकाटोपी लगाएको एक तस्विर साझेदार गरेका हुन् । उनले तस्विरसँगै क्याप्सनमा 'केटीको केटीको' भनेर उल्लेख गरेका छन् । तस्विरमा हर्षित मुद्रामा देखिएका उनलाई दुई हात कम्मरमा राखेर नृत्य गर्नका लागि तम्तयार भावभंगीमा देख्न सकिन्छ ।

उनको यो पोस्टमा नेपाली शुभचिन्तकहरुले नेपाल र नेपालीप्रति सम्मान गरेकोमा उनलाई धन्यवाद व्यक्त गरेका छन् । 'कौन बनेगा करोडपति' नामक टेलिभिजन शोमा नेपालको इतिहासको बारेमा कयौं पटक प्रश्न सोधेका अमिताभले आफ्नो शिरमा नेपाली ढाकाटोपी लगाएको भने सम्भवत: पहिलो पटक हो । उनले कुन उद्देश्यका लागि ढाकाटोपी लगाएका हुन्, त्यो भने खुलेको छैन । फिल्मी करिअरको उत्कर्षमा रहँदा अमिताभ नेपाल समेत आएका थिए । उनी अभिनीत फिल्म 'महान'को केही प्रतिशत छायांकन नेपालमा भएको थियो । दरबार स्क्वायर क्षेत्रमा छायांकन भएको फिल्मको 'प्यार में दिल पें' गीत अझै पनि चर्चित छ । गीतमा अमिताभ बच्चन र जीनत अमानले एकसाथ नृत्य गरेका थिए । त्यसयता भने अमिताभको नेपाल आउने संयोग जुर्न सकेको छैन ।

गत असोजमा नेपालमा छायांकन भएको बलिउड फिल्म 'उचाइँ'को लागि अमिताभ पनि नेपाल आउने चर्चा थियो । तर, फिल्मको छायांकन हिमाली क्षेत्र (चिसो ठाउँ) मा हुने भएपछि स्वास्थ्यका कारण उनी नेपाल आएनन् । नेपालमा उनको भागको सिनमा नेपाली कलाकारलाई डमीको रुपमा प्रयोग गरिएको छ । अमिताभले नेपाललाई सुन्दर देशको रुपमा ब्याख्या गर्दै आएका छन् ।

-साभार: फिल्मीखबर

# मेलम्ची आयोजना बन्द गराउने चेतावनी

काठमाडौं/ मेलम्ची खानेपानी आयोजना प्रभावित तथा बाढीपीडित सरोकार समन्वय समितिले आयोजना नै बन्द गराउने चेतावनी दिएको छ । चैत एक गतेसम्म पनि नेपाल सरकार र मेलम्ची खानेपानी आयोजनाले आफूहरूको मागलाई सम्बोधन नगरे आयोजना बन्द बराउन बाध्य हुने चेतावनी दिएको हो ।

सोमबार रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलनको आयोजना गर्दै समितिले विभिन्न छ वटा माग उल्लेख गर्दै समितिले चैत एक गतेसम्म पूरा गराउन चेतावनी दिएको हो ।

कार्यक्रममा बोल्दै मेलम्ची खानेपानी आयोजना प्रभावित तथा बाढीपीडित समन्वय समितिका संयोजक उपेन्द्र तामाङले मानवीय भौतिक तथा नागरिकहरुको जीवन निर्वाहको अनिवार्य साधनहरूको क्षति भएको भन्दै समस्या समाधान गर्न सरोकारवालाबाट कुनै पनि कदम नचालिनु दु:खद रहेको बताए ।

उनले २०७८/१०/२१ गते मेलम्ची आयोजनासँग भएको सहमति कार्यान्वयन नभएको भन्दै २०७८/११/२२ गते बसेको स्थानीय सरोकार समुदाय एवं सामाजिक उत्थान सञ्चालन समितिका प्रतिनिधिहरूको उपस्थितिमा बसेको बैठकको निर्णय सहित विभिन्न मागहरू सुनाएका थिए ।



१.मेलम्ची आयोजना प्रभावित क्षेत्रको विकासको निम्ति नियमित रूपमा मेलम्ची खानेपानी विकास समितिले उपलब्ध गराउँदै आएको सामाजिक उत्थान कार्यक्रम सञ्चालन अन्तर्गत यस आर्थिक वर्षको बजेट स्थानीय समितिहरूमा आउन दिलाई भइरहेकोले तत्काल उपलब्ध गराउन ।

२.मेलम्ची नदीमा आएको बाढीले ठुलो धनजनको क्षति पुऱ्याएको र आगामी वर्ष नदी किनारको वस्ती झनै जोखिममा रहेकोले नदीलाई पुरानै धारमा बगाउन, मेलम्ची र इन्द्रावतीको तटीय क्षेत्रको कम्तीमा ५ मिटर खोला गहिऱ्याउन र तटीय क्षेत्रका जोखिममा रहेका बस्तीहरुको संरक्षणका लागी आवश्यक बजेट तत्काल आयोजना बाट उपलब्ध गराउन ।

३.मेलम्ची र इन्द्रावती नदी किनारका वस्ती तथा खेतीयोग्य जमिन ठुलो मात्रामा कटान भएकोले सो क्षेत्रको जमिन संरक्षण र खेती योग्य जमिन बनाउनका लागि मुहानदेखि सिपाघाट भिमटारसम्म आय आर्जन कार्यक्रम, स्थायी तटबन्ध निर्माण । सडक, सिँचाइ तथा सार्वजनिक पूर्वाधार निर्माण एवम् संरक्षणका लागि मेलम्ची इन्द्रावती रुनदी करिडोर एकीकृत विकास आयोजनाको रूपमा एक विशेष दीर्घकालीन आयोजना नेपाल सरकारले तत्काल सञ्चालन गर्न ।

४.मेलम्ची नदीको पानी काठमाडौं आएपछि मेलम्चीवासीले लेभी पाउने कुरा पटक पटक सहमति भई विभिन्न अध्ययन भएर प्रक्रिया अघि बढेको तर, हालसम्म कुनै निर्णय भएको जानकारी प्राप्त नभएकोले तत्काल लेभी निर्धारण गर्न ।

५.आगामी वर्षायाममा सहज आवतजावत गर्न सहन हुने गरी सडक निर्माण कार्य तत्काल अघि बढाउन ।

६.मुहान क्षेत्रमा थुप्रिएका ढुङ्गा, माटोहरू निकालेर सुरक्षित ढंगले भण्डारण गर्न सहमति भएर पनि जथाभावी ढंगले राख्दा नदी किनारका वस्ती जोखिममा पर्ने भएकोले सुरक्षित भण्डारणमा भने जोडदार माग गरिरहेका छौं । -साभार: रातोपाटी

## लाइसेन्स हराएको सूचना

मेरो निम्न व्यहोराको लाइसेन्स २०७८ फागुन २ गते चौकीटोलबाट सिमाचोक जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय अथवा निम्न नम्बरमा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम**: बिल बहादुर पाखिन
**ठेगाना**: मार्खु-५, मकवानपुर
**लाइसेन्स नम्बर**: ०५-२०५३५
**फोन**: ९८६७८१९४३६

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

## इन्जिनियर्स एसोसिएसनको निर्वाचन

# हेटौंडाका चार जना इन्जिनियरको उम्मेदवारी

साझाकुरा संवाददाता

हेटौंडा, २३ फागुन/ हेटौंडाका चार जना इन्जिनियरले नेपाल इन्जिनियर्स एसोसिएसनको ३३ औं केन्द्रीय कार्यकारिणी समिति र देस्रो बागमती प्रदेश समितिको निर्वाचनमा उम्मेदबारी दिएका छन् ।

हेटौंडा घर भई सरकारी तथा निजी क्षेत्रमा काम गर्दै आएका चार जनाले केन्द्रीय कार्यकारिणी समिति सदस्य, बागमती प्रदेश अध्यक्ष र प्रदेश सदस्यमा उम्मेदबारी दिएका हुन् । २७ फागुनमा हुने इन्जिनियर्स एसोसिएसनको केन्द्रीय र प्रदेश निर्वाचनअन्तर्गत् बागमतीको मकवानपुर, चितवन र काठमाडौंमा मतदान केन्द्र तोकिएको छ ।

एसोसिएसनको केन्द्रीय कार्यकारिणी समिति सदस्यमा हेटौंडा-४ का सुरज गौतमले डा. सुरज लामिछाने नेतृत्वको समूहबाट उम्मेदवारी दिएका हुन् । गौतम 'आइआरडी योङ साइन्टिष्ट' अवार्ड बिजेता हुन् । गौतम इन्स्टिच्युट अफ हिमालयन रिक्स रिडक्सनका कार्यकारी निर्देशक हुन् भने नेपाल फ्लाइङ ल्याब्सका निर्देशक हुन् ।

यसअघि एसोसिएसन बागमती प्रदेश सदस्यको जिम्मेवारी सम्हालिसकेका गौतमले विगत ६ वर्षदेखि शहरी विकास योजना तथा विपद् जोखिम व्यवस्थपानको क्षेत्रमा अध्ययन, अनुसन्धान, पराशर्म तथा कार्यान्वयनमा काम गरिरहेका छन् ।

एसोसिएसनको बागमती प्रदेश अध्यक्षमा हेटौंडा-११ नवलपुरका विनोद सापकोटाले उम्मेदवारी दिएका छन् । सापकोटा इन्जिनियरिङ अध्ययन संस्थान, थापाथली क्याम्पसका उपप्राध्यापक हुन् । हेटौंडा-४ का प्रवेशराज देवकोटाले एसोसिएसन बागमती प्रदेश सदस्यमा उम्मेदवारी दिएका छन् । देवकोटा नेपाल विद्युत प्राधिकरण कुलेखानी तेस्रोका इन्जिनियर हुन् । यसैगरी, नेपाल टेलिकम हेटौंडा शाखा प्रबन्धक बसन्त लिङथेपले एसोसिएसन केन्द्रीय कार्यकारिणी समितिको इन्जिनियरिङ परिषद् समूहमा उम्मेदवारी दिएका छन् । गतवर्ष चैत २४ गते तोकिएको एसोसिन केन्द्रीय र प्रदेश समितिको निर्वाचन कोरोना महामारीका कारण पटक-पटक सारिँदै आएको थियो ।

यसअघि ७ माघमा गर्ने भनिएको निर्वाचन प्रक्रिया पुन: सरेर २७ फागुनलाई तोकिएको हो । एसोसिएसनमा आबद्ध देशभर २१ हजार ६ सय ८० जना मतदाताले निर्वाचनमा मतदान गर्ने छन् । मतदान केन्द्र हेटौंडाका निर्वाचन अधिकृत इन्जिनियर सुदीप फुयाँलले बागमती प्रदेशभर १२ हजार ६ सय ९१ मतदाता रहेको जानकारी दिए । हेटौंडा मतदान केन्द्रबाट एक सय ५४ जनाले मतदान गर्ने निर्वाचन अधिकृत फुयाँलले बताए । हेटौंडा-१०, स्थित नेपाल विद्युत प्राधिकरणको क्षेत्रीय कार्यालयमा मतदान केन्द्र तोकिएको छ ।

## जिल्लामा सबै क्षेत्रको प्रतिबन्ध हट्यो

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरमा पछिल्लो समय कोरोना संक्रमणदर घट्दै गएपछि जिल्ला प्रशासन कार्यालय मकवानपुरले जिल्लास्थित सबै क्षेत्रमा लगाएको प्रतिबन्ध हटाएको छ ।

सोमबार बसेको जिल्ला कोभिड व्यवस्थापन समितिको बैठकले कोरोना संक्रमण दरमा कमि आएको भन्दै प्रतिबन्धहरु हटाउने निर्णय गरेको छ । कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण गर्न प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेद्वारा विभिन्न मितिमा जारी गरिएको प्रतिबन्धात्मक आदेशहरु सोमबारबाट लागू हुने गरी हटाउने निर्णय भएको जनाइएको छ ।

कोरोना संक्रमण फैलिन नदिनको लागि सामाजिक, साँस्कृतिक, व्यवसायिक, औद्योगिकलगायत क्षेत्रमा गतिविधि सञ्चालन गर्दा जनस्वास्थ्य मापदण्डहरु अवलम्वन गर्न प्रशासनले आग्रह गरेको छ ।

कोरोना संक्रमणको नयाँ भेरियन्ट ओमिक्रोन फैलिएपछि जिल्ला प्रशासनले भिडभाडमा नियन्त्रण गर्न विभिन्न क्षेत्रमा प्रतिबन्ध लगाएको थियो ।

# खोप अभियानको प्रधानमन्त्रीद्वारा प्रशंसा

साझाकुरा संवाददाता



हेटौंडा/ बागमती प्रदेशको गठबन्धन सरकारले सञ्चालन गरेको खोप अभियानको प्रधानमन्त्री शेरबहादुर देउवाले प्रशंसा गरेका छन् ।

कोरोना संक्रमणको नयाँ भेरियन्ट ओमिक्रोन तीव्ररुपमा फैलिरहेको बेला प्रदेश सरकारले समुदायस्तरमै खोप अभियान सञ्चालन गरेको थियो ।

चैत मसान्तसम्म सबै नागरिकलाई खोप लगाइसक्ने आफ्नो प्रमुख लक्ष्य राखेका प्रधानमन्त्री देउवाले बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले खोप अभियानमा हासिल गरेको उपलब्धिको प्रशंसा गरेका हुन् । प्रधानमन्त्री निवास बालुवाटारमा नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर बानियाँ, प्रदेशका स्वास्थ्य मन्त्री निमा लामा र राज्यमन्त्री कल्पना नेपालीसँगको भेटमा प्रधानमन्त्री देउवाले बागमती प्रदेशले खोप अभियानलाई समुदाय तहसम्म पुऱ्याएर प्राप्त गरेको सफलताको प्रशंसा गरेका थिए । बागमतीमा ९७ दशमलव ९ प्रतिशतले कोरोनाविरुद्धको पहिलो डोज खोप, ९६ दशमलव ८ प्रतिशतले दोस्रो डोज र ११ दशमलव ८ प्रतिशतले बुस्टर डोज खोप लगाएका छन् । उनले प्रदेश स्वास्थ्य मन्त्रालयले अघि बढाएको विपन्न नागरिक र आकस्मिक उपचारमा नि:शुल्क रक्तसंचार सेवा, प्रदेशस्तरीय स्वास्थ्य बीमा संयोजन समिति गठन प्रक्रिया, संघीय खोप अभियान द्रुत कार्य संचालन टोलीसँगको समन्वय, मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रमको कार्यविधि निर्माण, औषधी एवं उपकरणको उचित मौज्दात व्यवस्थापन तथा वितरण जस्ता कामको प्रशंसा गरेका छन् । प्रदेश सरकारले अघि सारेका कामलाई सहयोग तथा सहजीकरण गर्न संघीय सरकार तत्पर रहेकोसमेत उनको प्रतिवद्धता थियो ।

भेटवार्तामा कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बानियाँले प्रदेश सरकार जनतालाई राहत र विकास दिने काममा अघि बढेको बताएका थिए । उनले प्रदेश सरकारको सेवा प्रवाहलाई थप चुस्त र व्यवस्थित गर्दै लैजान आवश्यक नीतिगत सहजीकरणका लागि संघीय सरकारसँग आग्रह गरेका छन् ।

स्वास्थ्य मन्त्री लामा र राज्यमन्त्री नेपालीले स्वास्थ्य मन्त्रालयले गरिरहेको नीतिगत सुधार, नियमित कार्य, समस्या र समाधानका लागि संघीय सरकारले गर्नुपर्ने सहजीकरणका विषयमा अवगत गराएका थिए ।

## विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग



हेटौंडा/मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिका-२ स्थित सीता माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई शैक्षिक सामग्री सहयोग गरिएको छ ।

नेकपा एमाले निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) मकवानपुरको महिला विभागले ११२ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसर पारेर विद्याथीहरुलाई शैक्षिक सामग्री सहयोग गरेको हो । अनेरास्ववियु जिल्ला उपाध्यक्ष अमृत बर्तौलाको प्रमुख आतिथ्यतामा भएको शैक्षिक सामग्री वितरण कार्यक्रममा अनेरास्ववियु मकवानपुर महिला विभाग प्रमुख स्वेच्छा दंगालको सभाध्यक्षता थियो ।

कार्यक्रममा अनेरास्ववियु मकवानपुरका सचिव पुष्कर तिमल्सिना, सहसचिवद्वय प्रमोद फुयाँल, दिनेश हुमागाईंलगायतको आतिथ्यता थियो ।

## भोर्लेमा पक्की सडकको उद्घाटन



साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१२, स्थित भोर्लेमा निर्माण गरेको पक्की सडकको उद्घाटन गरिएको छ ।

उपमहानगरपालिकाले १५ लाख रुपियाँ लागतमा दुईसय मिटर स्ल्याब ढलान गरेर पक्की सडक निर्माण गरेको हो । हेटौंडाले कच्ची सडकमुक्त अभियानअन्तर्गत् वितेको चार वर्षमा एकसय २९ किलो मिटर सडक ढलान गरिसकेको हो । नगर प्रमुख हरिबहादुर महतले भोर्ले स्ल्याब सडकको उद्घाटन गरेका छन् । उनले सीमित बजेटका बाबजुदपनि कच्ची सडकका कारण नगरबासीलाई परेको समस्या हटाउन स्ल्याब ढलान गरिएको बताए । कच्ची सडक हिड्नुको दु:ख आफूलेपनि भोगेको भन्दै नगरलाई कच्ची सडकमुक्त बनाउन आफू लागिपरेको बताए ।

महतले हेटौंडाका टोल-टोलमा स्थानीय बासिन्दाले पक्की सडकको अनुभूति गर्न पाएको बताए । साविकका वडामा भन्दा उपमहानगर भएपछि थपिएका वडालाई शहरीकरण गर्ने अभियानअनुसार पक्की सडक निर्माणले प्राथमिकता पाएको उनले बताए । नगरभित्र ओझेलमा परेको सडकलाई उपमहानगरले सम्झिएको भन्दै हेटौंडा-१२ का वडाअध्यक्ष ललित घलानसहित स्थानीयले नगर प्रमुख महतलाई सम्मान व्यक्त गरेका थिए ।

थाहा नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**

## आन्तरिक आय संकलन ठेक्का बन्दोवस्त सम्बन्धी ३० दिने बोलपत्र आव्हान्को सूचना

*प्रथम पटक प्रकाशित मिति : २०७८/११/२४ गते*

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ दफा ११ को (घ) र आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद ६ मा व्यवस्था भएबमोजिम थाहानगरपालिकाबाट बाहिर जाने तरकारी व्यवसाय कर उठाउन २०७९ वैशाखदेखि २०७९ चैत्र मशान्तसम्मको लागि बोलपत्रबाट ठेक्का लगाउनुपर्ने भएकोले ईजाजत प्राप्त इच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट देहायको शर्तको अधिनमा रही रीतपूर्वकको शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । यससम्बन्धी शर्तहरु बुझ्नु परेमा थाहा नगरपालिका खरिद इकाई शाखामा सम्पर्क राख्न सकिने छ ।

**शर्तहरु:**

१. बोलपत्र शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न ईच्छुक फर्म, उद्योग, कम्पनी वा संस्थाहरुले प्रथमपटक सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र चालु आ.व.को लागि नवीकरण भएको फर्म दर्ता, प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाण पत्र एवम् आ.व. २०७७/७८ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी लिखित निवेदन पेश गरी तोकिए बमोजिमको राजस्व दस्तुर (फिर्ता नहुने गरी) बुझाई बोलपत्र फाराम खरिद गर्न सकिने छ ।
२. खरिद गरिएको बोलपत्र फाराम प्रथमपटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयको नाममा सम्बोधन गरी बोलपत्र फाराम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरी सहीछाप गरी सिलबन्दी लाहाछाप लगाई खामको बाहिर विवरण खुलाई ठेक्का नं. समेत उल्लेख गरी यस कार्यालयको जिन्शी तथा खरिद इकाई शाखामा तोकिएको समयभित्रै दर्ता गराईसक्नु पर्ने छ । सो सिलबन्दी दर्ता गर्ने अन्तिम दिनको २:०० बजे बोलपत्रदाता वा निजहरुले अख्तियारनामा दिई पठाएका प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
३. बोलपत्रकर्ताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसायसम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखितरुपमा घोषणा गरेको कागजात बोलपत्र फारामसाथ पेश गर्नुपर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको ५ प्रतिशत (पाँच प्रतिशत) रकम यस कार्यालयको कृषि विकास बैंकको धरौटी खाता ०५०८४०११५५७३८०३० मा दाखिला गरेको सक्कलै बैंक भौचर संलग्न राख्नुपर्ने छ वा यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी १२० दिन अवधि (Validity) रहेको सक्कल बैंक जमानीपत्र (Unconditional Bidbond) संलग्न गरी पेश गर्नुपर्नेछ ।
५. गोप्य शिलबन्दी बोलपत्रमा आफूले कबुल गरेको अंक र अक्षर दुबै स्पष्टरुपले उल्लेख गर्नुपर्नेछ, केरमेट भई अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
६. गोप्य शिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ तर बोलपत्र खरिद गर्ने अन्तिम दिनलाई यो सुविधा हुने छैन ।
७. यो बोलपत्रसम्बन्धी कुराहरु यसमा लेखिएबमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ नियमावली, २०६४ तथा नेपाल सरकारका अन्य ऐन, नियमहरुबमोजिम हुनेछन् ।
८. पहिलो किस्ता बराबरको रकम दाखिला गरी बाँकी किस्ता रकम बराबरको Performance Bond गरेको बैंक ग्यारेन्टी ठेक्का अवधि भन्दा कम्तिमा १ महिना बढी समयसम्मको लागि राखेपछि मात्र शर्त कबुलियत गरिनेछ ।
९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ । ठेक्कासम्बन्धी कुनै विवाद भएमा नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ, बोलपत्रसम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा नगरपालिकाको स्टोर शाखामा आई बुझ्न सकिनेछ ।
११. व्यवसाय हुने वस्तुको दररेट यस नगरपालिकाले तोकेबमोजिम हुनेछ । दररेट नगरपालिकाले उपलब्ध गराउने बोलपत्र फाराममा संलग्न हुनेछ ।
१२. ३० प्रतिशत रकम (अग्रिम दाखिला गरिएको ५% धरौटी समेत) बुझाउनु पर्नेछ । बाँकी रकम प्रथम किस्ता २५ प्रतिशत २०७९ अषाढ मशान्त दोश्रो किस्ता २५ प्रतिशत २०७९ कात्तिक मसान्त र अन्तिम किस्ता २० प्रतिशत २०७९ फागुन मसान्तसम्म रकम नगरपालिकाको आन्तरिक आय खाता ०५०८४०११५५७३८१८९मा जम्मा गर्नु पर्नेछ ।

**तपसिल:**

| सूचना तथा ठेक्का नं. | विवरण | न्युनतम कबोल अंक | टेण्डर फारम दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १/०७८/०७९ | तरकारी व्यवसाय काठ तथा जडिबुटी जन्य पदार्थ कर | ४२,४०,००० (भ्याट बाहेक) | रु.२०००/- | कबुल अंकको ५ प्रतिशत | |

१३. निकासी पैठारी हुने वस्तुको दररेटसम्बन्धी बिस्तृत विवरण थाहा नगरपालिकाको वेभसाइड www.thahamun.gov.com.np र सूचना पाटीमा हेर्न सकिनेछ ।
१५. शुल्क असुल गर्दा प्रयोग गरिने रसिद ठेकदार आफैंले तयार गरी न.पा.को छाप लगाई चलन गर्नु पर्नेछ ।
१६. बोलपत्र स्वीकृत भएको जानकारी पाएको सात दिनभित्र कबुलियत गरी चलनपूर्जी लिन नआएमा निजले राखेको धरौटी जफत गरी नियमानुसार घटिवालासंग ठेक्का सम्झौता गर्न सकिनेछ ।
१७. मूल्य अभिवृद्धि कर (VAT) ठेकेदार स्वयम्ले व्यहोर्नु पर्नेछ । भ्याट वापतको रकम बिलमा जोडी लिन पाइने छैन । साथै नगरपालिकाले उल्लेख गरेको दररेटमा कुनैपनि रकम थप गरी असुल गर्न पाइने छैन ।

**थाहा नगरपालिका**
**राजस्व शाखा**

**पार्टी गर्दै हुनुहुन्छ ?**

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकार का पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**डबल ब्ल्याक खाजा**

**स्वादिष्ट परिकारहरू:**

- बफ म:म:, ससेज, चाउमिन र खाजा सेट
- चिकेन म:म:, ससेज, लेगपिस र चाउमिन
- बफ सुकुटी र छोयला
- हल्का पेय पदार्थ
- भेज चाउमिन



**ओपाज** कफि पिउँदा

स्कुटी-१ प्लस मोबाइल र नगद रु.५०,०००।-, २०,०००।-, १०,०००।- ३ जनालाई, रु.५,०००।- ३ जनालाई र रु.३,०००।- ५ जनालाई पुरस्कार ।

**डबल ब्ल्याक खाजा**
हेटौंडा-२, चौकीटोल ९८५५०२८१९६, ९८४५०३०३४३
प्रो. झुलेन्द्र प्रसाद श्रेष्ठ, किशोरकुमार ढुङ्गेल



**खुल्यो ! खुल्यो**

नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै लोकल कुखुरा लगायत मासुको आइटमको मीठो स्वाद

*अब होटल म्याक्समा*

**होटल MAX**
हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

स्वास्थ्यको लागि खेलकुद, राष्ट्को लागि खेलकुद

**प्रदेशकै सबैभन्दा ठूलो खेलकुद प्रतियोगिता हेटौंडामा**

यही फागुन २८ गतेबाट सुरु हुन गइरहेको प्रथम प्रदेश खेलकुद प्रतियोगिता हेर्न क्याम्पडाडा खेल मैदान, पिप्ले हेटौंडा जाऔं ।

खेलहरु : फुटवल, भलिवल, क्रिकेट, तेक्वान्दो, कराँते, बक्सिङ, एथलेटिक्स र ब्याडमिन्टन

**सञ्चालन हुने खेलहरु र खेलस्थल**

१. **मकवानपुर:** पुरुष फटुबल- मिति २०७८/११/२९ देखि
तेक्वान्दो: मिति २०७८/१२/०५ देखि
व्याडमिन्टन: २०७८/११२९ देखि
२. **चितवन:** भलिबल- २०७८/११/३० देखि
क्रिकेट: २०७८/११/३० देखि
३. **सिन्धुपाल्चोक:** कराते- २०७८/१२/०७ देखि
४. **काठमाडौं:** एथलेटिक्स- २०७८/१२/०६ देखि
५. **काभ्रेपलाञ्चोक:** महिला फुटबल- २०७८/१२/०७ देखि
बक्सिङ- २०७८/१२/०९ देखि

**उद्घाटन समारोह स्थान :** क्याम्पडाडा खेल मैदान, पिप्ले हेटौंडा
**समय :** यही फागुन २८ गते अपरान्ह ४ बजे
**उद्घाटन कार्यक्रमको आकर्षण :** राष्ट्रिय कलाकारहरुको प्रस्तुती, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र पहरीको प्रर्दशन, तीन सय बढी विद्यार्थीहरुद्वारा ड्रिल कार्यक्रम तथा आताँशवाजीको मज्जा लिन सकिने ।
**सहभागी जिल्लाहरु:** बागमती प्रदेशका १३ जिल्ला

**आयोजक**
प्रदेश खेलकुद विकास परिषद
बागमती प्रदेश

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना